# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७ ] काठमाडौं, पुस १८ गते २०३४ साल [ अतिरिक्ताङ्क ४५ (ख)

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३४ सालको ऐन नं. २७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८७

(ग) कृषि उपकरण, कृषि सामग्री खरीद गर्न र मत्स्य पशुपन्छि पालन गर्न किसानलाई दिइएको कर्जा,

(घ) बैङ्कले आफ्नो कर्मचारीलाई सहुलियतको रूपमा दिइने कुनै पनि कर्जा,

(ङ) बैङ्कले कमिशन मात्र लिने सम्पूर्ण लेनदेनको कारोबारमा र वित्तीय संस्थानहरूको बीच हुने लेनदेनको कारोबारमा,

(च) ट्रक, बस, मिनीबस, कार र टेम्पो बाहेक अन्य नेपाल राष्ट्र बैङ्कले अनिवार्य रूपले लगानी गर्नु भनी तोकेको प्राथमिकता क्षेत्रमा गएको कर्जा,

१४. आय टिकट दस्तूर : आर्थिक वर्ष २०३४।०३५ मा अनुसूची १२ बमोजिम आय टिकट दस्तूर लगाइने र असूल उपर गरिनेछ।

१५. हातहतियार दस्तूर : आर्थिक वर्ष २०३४।०३५ मा अनुसूची १३ बमोजिम हातहतियार दस्तूर लगाइने र असूल उपर गरिनेछ।

१६. मालपोत : आर्थिक वर्ष २०३४।०३५ मा अनुसूची १४ बमोजिम मालपोत लगाइने र असूल उपर गरिनेछ।

तर,

(क) शहरी क्षेत्र बाहेक अरू ठाउँमा जम्मा जम्मी एक विगहा वा सो बराबरभन्दा घटी जग्गा हुने जग्गावालालाई सो लाग्ने मालपोतमा पचास प्रतिशत कम गरी असूल उपर गरिनेछ।

(ख) आर्थिक वर्ष २०३४।०३५ को माघ मसान्तसम्ममा २०३४ सालको मालपोत तिर्ने जग्गावालाहरूलाई सो लाग्ने मालपोतमा पाँच प्रतिशत मिनहा दिई असूल उपर गरिनेछ।

स्पष्टीकरण : रोपनीतर्फ तेह्र रोपनी पाँच आनाको एक विगहा र हले, पाटे, कोदाले तथा विजन मानाका हिसाबले तिरो लागेको जग्गामा तेईस रूपैयाँ मालपोत लाग्ने जग्गालाई एक विगहा कायम गरी असूल उपर गरिनेछ।

१७. रजिष्ट्रेशन दस्तूर : आर्थिक वर्ष २०३४।०३५ मा अनुसूची १५ बमोजिम रजिष्ट्रेशन दस्तूर लगाइने र असूल उपर गरिनेछ।

१८. रोपवेकर : आर्थिक वर्ष २०३४।०३५ मा रोपलाइनको चालू रहेको समयको हिसाबबाट प्रति घण्टाको एक सय पचास रूपैयाँका दरले रोपवे कर लगाइने र असूल उपर गरिने[illegible]

१९. विद्युत् रोयल्टी : आर्थिक वर्ष २०३४।०३५ मा प्रति यूनिट साढेसात पैसाका दरले विद्युत् रोयल्टी लगाइने र असूल उपर गरिनेछ।

२०. दर घटाउन सक्ने : श्री ५ को सरकारले आवश्यकतानुसार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी दफा २, १२ र १३ मा उल्लिखित महसूल र करको दर घटाउन सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७] काठमाडौं, पुस १८ गते २०३४ साल [अतिरिक्ताङ्क ४५ (ख)

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३४ सालको ऐन नं. २७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) कृषि उपकरण, कृषि सामग्री खरीद गर्न र मत्स्य पशुपन्छि पालन गर्न किसानलाई दिइएको कर्जा,

(घ) बैङ्कले आफ्नो कर्मचारीलाई सहुलियतको रूपमा दिइने कुनै पनि कर्जा,

(ङ) बैङ्कले कमिशन मात्र लिने सम्पूर्ण लेनदेनको कारोबारमा र वित्तीय संस्थानहरूको बीच हुने लेनदेनको कारोबारमा,

(च) ट्रक, बस, मिनीबस, कार र टेम्पो बाहेक अन्य नेपाल राष्ट्र बैङ्कले अनिवार्य रूपले लगानी गर्नु भनी तोकेको प्राथमिकता क्षेत्रमा गएको कर्जा,

१४. आय टिकट दस्तूर : आर्थिक वर्ष २०३४।०३५ मा अनुसूची १२ बमोजिम आय टिकट दस्तूर लगाइने र असूल उपर गरिनेछ।

१५. हातहतियार दस्तूर : आर्थिक वर्ष २०३४।०३५ मा अनुसूची १३ बमोजिम हातहतियार दस्तूर लगाइने र असूल उपर गरिनेछ।

१६. मालपोत : आर्थिक वर्ष २०३४।०३५ मा अनुसूची १४ बमोजिम मालपोत लगाइने र असूल उपर गरिनेछ।

तर,

(क) शहरी क्षेत्र बाहेक अरू ठाउँमा जम्मा जम्मी एक विगहा वा सो बराबरभन्दा घटी जग्गा हुने जग्गावालालाई सो लाग्ने मालपोतमा पचास प्रतिशत कम गरी असूल उपर गरिनेछ।

(ख) आर्थिक वर्ष २०३४।०३५ को माघ मसान्तसम्ममा २०३४ सालको मालपोत तिर्ने जग्गावालाहरूलाई सो लाग्ने मालपोतमा पाँच प्रतिशत मिनहा दिई असूल उपर गरिनेछ।

स्पष्टीकरण : रोपनीतर्फ तेह्र रोपनी पाँच आनाको एक विगहा र हले, पाटे, कोदाले तथा विजन मानाका हिसाबले तिरो लागेको जग्गामा तेईस रूपैयाँ मालपोत लाग्ने जग्गालाई एक विगहा कायम गरी असूल उपर गरिनेछ।

१७. रजिष्ट्रेशन दस्तूर : आर्थिक वर्ष २०३४।०३५ मा अनुसूची १५ बमोजिम रजिष्ट्रेशन दस्तूर लगाइने र असूल उपर गरिनेछ।

१८. रोपवेकर : आर्थिक वर्ष २०३४।०३५ मा रोपलाइनको चालू रहेको समयको हिसाबबाट प्रति घण्टाको एक सय पचास रूपैयाँका दरले रोपवे कर लगाइने र असूल उपर गरिनेछ।

१९. विद्युत् रोयल्टी : आर्थिक वर्ष २०३४।०३५ मा प्रति यूनिट साढेसात पैसाका दरले विद्युत् रोयल्टी लगाइने र असूल उपर गरिनेछ।

२०. दर घटाउन सक्ने : श्री ५ को सरकारले आवश्यकतानुसार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी दफा २, १२ र १३ मा उल्लिखित महसूल र करको दर घटाउन सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।